गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा, नेपाल

फोन नं. : ०६१-४५७९१४
E-mail:ministrysocialdevpkr@gmail.com
website:mosd.gandaki.gov.np

पत्र संख्या :
चलानी नम्बर :

## नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रमको प्रस्ताव माग सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशन मिति:२०८०/१२/२५ गते)

प्रस्तुत विषयमा आ.व.२०८०/०८१ को वार्षिक कार्यक्रम राष्ट्रिय युवा परिषद् (संघीय शर्शत) अनुसार नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम रहेकोले सम्बन्धित यस प्रदेशका युवाहरु (१६ देखि ४० वर्ष भित्रका) लाई प्रतिभा पहिचान गरी सम्मान गर्ने कार्यक्रम रहेकोले सम्बन्धित युवाहरुलाई तपसिलका प्राथमिकताका आधारमा निम्न बमोजिमका विवरण/ कागजात सहित ३० (तीस) दिन भित्र **"नवउद्यमी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम"** को अनुसूची -१ भरी स्थानीय तहको सिफारिस सहित तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव सम्बन्धित सामाजिक विकास कार्यालयमा र मन्त्रालयको युवा तथा खेलकुद महाशाखामा पेश गर्न सकिनेछ ।

### तपसिल

**नवउद्यमीहरुको प्राथमिकता निर्धारण:** लघु तथा घरेलु उद्यम र कृषिमा आधारित उत्पादनमूलक उद्यम/व्यावसायलाई प्राथमिकता दिइनेछ । लघु उद्यम देहायको मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

- घर जग्गा बाहेक बढिमा बीस लाख रुपैयासम्मको स्थिर पुँजी रहेको ।
- उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको ।
- वार्षिक कारोबार एक करोड रुपैयाभन्दा कम रहेको ।
- इन्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा विद्युतिय उर्जा इन्धन वा अन्य तेल इन्जिनको क्षमता बीस किलोवाट भन्दा कम रहेको

**घरेलु उद्यम देहायको मापदण्ड भित्र परेको हुनुपर्नेछ**

- परम्परागत सीप र प्रविधिमा आधारित
- श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ स्थानीय प्रविधि कला तथा संस्कृतिमा आधारित
- इन्जिन उपकरण वा मेसिनरी प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको बिद्युतीय उर्जा प्रयोग गरेको

**पेश गर्नुपर्ने विवरण तथा कागजातहरु:**

१. उद्यमसँग सम्बन्धित विस्तृत उद्यम प्रोफाइल
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. उद्यम दर्ता तथा नविकरणको प्रतिलिपि
४. लेखा परीक्षण प्रतिवेदन
५. स्थानीय तहको सिफारिस
६. उद्यमको वर्णनात्मक भिडियो कम्तिमा ५ मिनेटको

१२/२५
उप सचिव

**पुनश्चय:**

लघु तथा घरेलु उद्यम एक बर्षदेखि सञ्चालनमा रहेको हुनुपर्ने र पाँच बर्षभन्दा पुरानो लाइ समावेश गराइने छैन ।

**थप जानकारीका लागि: फोन नं.: ०६१-५९०२४२, ५९०२४३ इमेल: ministrysocialdevpkr@gmail.com**